जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ७३ २०८३ साल असोज २८ गते बुधबार (14 Oct 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**चट्याङको समयमा सर्तक रहौं**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

*यस अंक भित्र :* २ पृष्ठमा : सृष्टिमा होइन, दृष्टिमा… ३ पृष्ठमा : विपद् आइपर्दा पूर्वतयारीको … ३ पृष्ठमा भारतमा विरोध प्रदर्शनका…

# बसपार्क संचालनका लागि १५ दिनभित्र बाँकी काम सक्ने प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

राजविराजस्थित बसपार्क संचालनमा ल्याउने विषयमा मंगलबार सर्वपक्षीय बैठक बसेको सम्पन्न भएको छ ।

बैठकमा राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परविनले यातायात व्यवसायीहरूलाई बसपार्कबाटै बस सञ्चालन गर्न आग्रह गरिन् । बसपार्कमा केही पूर्वाधार तथा निर्माणसम्बन्धी काम बाँकी रहेकाले ती काम १५ दिनभित्र पूरा गर्ने प्रतिबद्धतासमेत उनले व्यक्त गरिन् ।

यातायात व्यवसायीहरूले भने बसपार्क संचालनका लागि तयार गरिएको कार्यविधि संशोधन गर्नुपर्ने माग दोहोऱ्याएका छन् । बसपार्कका ठेकेदारसँग सम्झौता नभएसम्म बसपार्कमा गाडी नलैजाने उनीहरूको अडान कायमै छ ।

यातायात व्यवसायी धिरु वर्माले हालको कार्यविधि यातायात व्यवसायीमैत्री नभएको प्रतिक्रिया दिँदै कार्यविधि संशोधन नभएसम्म बसपार्क सञ्चालन गर्न कठिन हुने बताए ।

प्रमुख जिल्ला अधिकारी थापाले करोडौं रुपैयाँको लगानीमा निर्माण गरिएको बसपार्क संचालनमा ल्याउन सबै पक्ष मिलेर अघि बढ्नुपर्नेमा जोड दिए । तत्काल उपलब्ध पूर्वाधारलाई उपयोगमा ल्याउँदै बाँकी समस्या राजविराज नगरपालिकाले क्रमिक रूपमा समाधान गर्दै जानुपर्ने उनको भनाइ थियो ।

त्यस्तै, नेपाल पत्रकार महासंघ सप्तरी शाखाका अध्यक्ष श्रवण देवले बसपार्क संचालनमा नआउँदा राजविराज बजारको यातायात व्यवस्थापन अस्तव्यस्त बनेको बताए । बसपार्क संचालनका लागि नगरपालिका, यातायात व्यवसायी र ठेकेदार पक्षले आ-आफ्ना अडानमा केही लचकता अपनाएर सहकार्य गर्नुपर्ने उनको जोड थियो ।

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाको अध्यक्षतामा बसेको बैठकले बसपार्क संचालनका समस्या र समाधानका उपायबारे छलफल भएको हो ।

बसपार्क सञ्चालनमा आउन नसक्दा बजार क्षेत्रमा यातायात व्यवस्थापनमा समस्या देखिएको छ । निर्माण सम्पन्न भएका पूर्वाधारको उपयोग गर्दै कार्यविधि, ठेक्का सम्झौता र अन्य विवाद समाधान गर्न सके मात्रै बसपार्क नियमित रुपमा संचालन हुने सरोकारवालाहरूको भनाइ छ ।

बैठकले बसपार्क संचालनका लागि देखिएका समस्यालाई आपसी छलफल र सहमतिमार्फत समाधान गर्दै अघि बढ्नुपर्ने आवश्यकतामा जोड दिएको छ ।

# ९० किलो लागुऔषध गाँजासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका ५ कल्याणपुरबाट प्रहरीले ९० किलो लागुऔषध गाँजा बरामद गरेको छ भने एक जानालई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार सोमबार राति ११ बजे गाँजाको बिक्री भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय लहान र महेशवारीबाट संयुक्त प्रहरी टोलीले खटिएको थियो ।

प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालका अनुसार गाँजा सहित ४३ वर्षीय जगदिश यादवलाई पक्राउ परेका हुन् ।

टोलीले कल्याणपुरस्थित यादवको घरमा खानतलासी गर्दा सेतो बोराभित्र प्लास्टिकमा राखिएको अवस्थामा गाँजा फेला परेको जनाएको छ ।

बरामद गाँजा सहित यादवलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय लहानमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

# निषेधित पटाकाहरु बरामद




**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले निषेधित पटाकाहरु बरामद गरेको छ । दिपावाली र छठ पर्वका लागि भण्डारण गरि राखेको अवस्थामा उक्त निषेधित पटाकाहरु बरामद गरेको हो ।

प्रहरीले राजविराज नगरपालिका वडा नं. ७ भुतनाथ मन्दिरस्थित छेउमा रहेको भवन भित्र निषेधित पटका लुकाई छिपाई राखेको छ सूचनाको आधारमा सोमबार पाटाकाहरु बरामद गरेको जनाएको छ ।

प्रहरी टोलीले उक्त भवन भित्र निषेधित पटाकाहरु स्पाइनर लेखिएको ३ प्याकेट, कोरएयर लेखिएको १२ प्याकेट, फुलझरी ठुलो १ प्याकेट, सानो १ प्याकेट, ड्रोन लेखिएको २ प्याकेट, सोवर्स लेखिएको ६ प्याकेट, ब्लाक सेरपेन्टस लेखिएको २ प्याकेट, रेड स्पार्कलर्स लेखिएको १५ प्याकेट, ककको लेखिएको २ प्याकेट र १५ सर्ट लेखिएको १० पिस गरी जम्मा ४४ प्याकेट १० पिस फेला बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

बरामद भएका अन्दाजी २० हजार बराबरको पटाकाहरू कानुन बमोजिम आवश्यक कारबाही र अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको जनाइएको छ ।

# हुंकार मधेशका विभागीय प्रमुखहरूको जिम्मेवारी तोकिए




**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

यही असोज ९ गते घोषणा गरिएको हुंकार मधेशका विभागीय प्रमुखहरूको जिम्मेवारी तोकिएको छ । पहिलो चरणमा २१ वटा विभागीय प्रमुखहरूको जिम्मेवारी तोकिएको प्रवक्ता केशवकुमार झाले जानकारी

*बाँकी अन्तिम पृष्ठमा*

# लागुपदार्थ गाँजा र ब्राउन सुगरसहित दुई जना नियन्त्रणमा

**दैनिक समाचारदाता**
**पर्सा, २७ असोज ।**

सशस्त्र प्रहरी बल, नेपाल १३ नम्बर गण पर्साले प्रतिवन्धित लागुऔषध गाँजासहित दुई जना व्यक्तिलाई नियन्त्रणमा लिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

**चाडपर्व मनाऔः सामाजिक सद्भाव कायम राखौं**

❖ आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
❖ चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायवीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
❖ धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
❖ चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
❖ सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
❖ मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

## सम्पादकीय

### अन्य कार्यहरुप्रति पनि ध्यान पुगोस

स्थानीय तहबाटै उपलब्ध हुने व्यवस्था संविधानमा उल्लेख रहँदा पनि सो अनुसार अधिकांश जनप्रतिनिधिहरुले पक्षपात गरेको देखिन्छन् । उनीहरुले आफ्नो पार्टी तथा पक्षधरका मान्छे भन्दै ती सेवा दिन आलटाल गर्ने गरेका छन् । ती सेवा सुविधाहरु सहज ढंगले जनताले पाउनु सकिरहेका छैनन् । अहिले अधिकांश जनप्रतिनिधिले जनताले पाउने सेवा भन्दा पनि आर्थिक लाभ पाउन सकिने कार्यहरुलाई भने पहिलो प्राथमिकतामा राख्ने गरेका छन् । विकास भन्ने कुरा एकै दिनमा नहुने कुरा हो । तर त्यसलाई पंचवर्षिय योजनामा राख्न सके भने त्यसमा सुधार आउने निश्चित छ ।

स्थानीय तहका शिक्षा र स्वास्थ्यलाई केही हदसम्म प्राथमिकतामा राखेपनि प्रभावकारी कार्य हुनसकिरहेको छैन् । शिक्षा र स्वास्थ्य जनताको पहिलो प्राथमिकता हो तर अधिकांश जनप्रतिनिधिहरुले त्यसलाई उपेक्षा गरेको देखिन्छ । शिक्षा र स्वास्थ्यका साथ साथै विकासको मुद्दा पनि प्राथमिकतामा पर्न जान्छ । तर, शिक्षा र स्वास्थ्यमा परिवर्तनका लागि त्यतिको समय चाहिदैन् । कीन भने शिक्षा र स्वास्थ्यको मेरुदण्ड रहँदै आएको छ । मात्र त्यसलाई थोरै भएपनि पनि परिचालन, अनुगमन र निगरानी गर्न सकिए त्यसले सकारात्मक परिणाम ल्याउन सक्छ ।

तसर्थ शिक्षा, स्वास्थ्य र विकास बाहेक अन्य जनचेतना, भएका साधनश्रोतहरुको सही परिचालन, कार्यालय व्यवस्थापन लगायतका कार्यहरुप्रति जनप्रतिनिधिको ध्यान पुगोस् ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

# सृष्टिमा होइन, दृष्टिमा हुन्छ दोष

**डा तेजबहादुर कार्की**

काठमाडौँ, २७ असोज (रासस) ।

प्रकृतिले सिर्जना गरेका हरेक वस्तु, जीव र संरचना आफ्नै विशेषता, सौन्दर्य र अस्तित्व बोकेर आएका हुन्छन् । हिमालको उचाइ, नदीको प्रवाह, वनको हरियाली, मरुभूमिको शुष्कता, फूलको रङ, चराको स्वर र मानव जीवनको विविधता सबै प्रकृतिका अनुपम सिर्जना हुन् । प्रकृतिले कुनै वस्तुलाई अनावश्यक वा निरर्थक ठानेर सिर्जना गरेको हुँदैन । तर, हामीमध्ये धेरैले कुनै वस्तु वा परिस्थितिलाई आफ्नो अपेक्षा, आवश्यकता र स्वार्थको चस्माबाट हेर्ने गर्छौं । त्यसैले कहिलेकाहीँ समस्या सृष्टिमा नभएर हाम्रो दृष्टिमा रहेको हुन्छ ।

एउटै पहाड कसैका लागि अवरोध हुन सक्छ भने कसैका लागि पर्यटनको अधिक सम्भावना । एउटै नदी कसैका लागि बाढीको जोखिम हुन सक्छ भने कसैका लागि जीवन, ऊर्जा र सभ्यताको आधार पनि । जङ्गल कसैलाई उजाडेर खाली जमिन बनाएर बस्ती बसाल्नुपर्ने जस्तो लाग्न सक्छ भने कुनै अर्कोका लागि त्यही जङ्गल असङ्ख्य जीवको घर, पानीको स्रोत र पृथ्वीको प्राणवायुको संरक्षक हुन सक्छ । वस्तु एउटै हो, तर त्यसलाई हेर्ने दृष्टिकोण फरक छ । यही फरक दृष्टिले हाम्रो बुझाइ, व्यवहार र निष्कर्षको निर्धारण गर्ने गर्दछ ।

हामी प्रायः प्रकृतिलाई आफूअनुकूल बनाउन खोज्छौँ । नदी आफ्नो बाटोमा बगेको हामीलाई मन पर्दैन, त्यसलाई बाँधेर आफ्नो आवश्यकता पूरा गर्न चाहन्छौँ । वन आफ्नै स्वरूपमा रहँदा हामीलाई पर्याप्त उपयोगी नलाग्न सक्छ, त्यसैले काठ, जमिन वा अन्य स्रोतका रूपमा प्रयोग गर्न खोज्छौँ । पहाडलाई प्राकृतिक रूपमा छोड्नुको सट्टा सडक, भवन, खानी वा अन्य पूर्वाधारका लागि काट्न थाल्छौँ । समुद्र, नदी, हिमाल, वन र जमिनलाई प्रकृतिका स्वतन्त्र अस्तित्वका रूपमा भन्दा आफ्नो आवश्यकता पूरा गर्ने साधनका रूपमा हेर्ने प्रवृत्ति बढ्दै गएको छ ।

प्रकृतिको उपयोग मानवीय स्वभाव हो, आफैँमा गलत होइन । किनभने मानव सभ्यताको विकास पनि प्रकृतिसँगको सहकार्य र प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोगबाटै सम्भव भएको हो । समस्या त्यतिबेला सुरु हुन्छ, जब उपयोग र दोहनबीचको सीमा मेटिन्छ । जब हामी प्रकृतिलाई आफ्नो इच्छाअनुसार चल्नुपर्ने वस्तु ठान्छौँ, तब प्रकृतिले आफ्नो स्वाभाविक नियमअनुसार प्रतिक्रिया दिँदा हामी त्यसलाई दोष दिन थाल्छौँ ।

बाढी आयो भने हामी नदीलाई दोष दिन्छौँ, तर नदीको प्राकृतिक बहाव क्षेत्र मिचेर बनाइएका संरचनाबारे सोच्दैनौँ । पहिरो गयो भने पहाडलाई दोष दिन्छौँ, तर अनियन्त्रित सडक निर्माण, वन विनाश र भू-उपयोगको गलत अभ्यासबारे प्रश्न गर्दैनौँ । गर्मी बढ्यो भने मौसमलाई दोष दिन्छौँ, तर वन विनाश, प्रदूषण र अत्यधिक प्राकृतिक स्रोत दोहनमा आफ्नो भूमिका खोज्दैनौँ । यसरी हामी आफ्ना कर्मको परिणामलाई स्वीकार गर्नुको सट्टा सृष्टिलाई दोष दिएर आफूलाई निर्दोष देखाउने प्रयास गर्छौं ।

वास्तवमा प्रकृति हाम्रो इच्छा पूरा गर्ने सेवक होइन । प्रकृति आफ्नै नियम, सन्तुलन र प्रक्रियामा चल्छ । हामीले त्यसलाई बुझ्न र त्यससँग अनुकूल भएर अघि बढ्नुपर्छ । प्रकृतिलाई जित्ने होइन, प्रकृतिसँग सहअस्तित्व कायम गर्ने सोच आवश्यक छ ।

मानव जीवनमा पनि यही कुरा लागू हुन्छ । हामी मानिसलाई पनि आफ्नो दृष्टिकोणअनुसार सुन्दर वा कुरूप, सक्षम वा कमजोर, सफल वा असफल भनेर वर्गीकरण गर्छौं । कसैको शारीरिक रूप हाम्रो सौन्दर्यको मापदण्डसँग मेल खाएन भने हामी उसलाई कम सुन्दर ठान्छौँ । कसैको जीवनशैली हाम्रो सोचभन्दा फरक भयो भने उसलाई गलत ठान्छौँ । फरक क्षमता भएको व्यक्तिलाई समाजले कहिलेकाहीँ उसको क्षमताभन्दा उसको सीमाबाट चिन्ने गर्छ । यहाँ पनि समस्या व्यक्तिमा मात्र होइन, उसलाई हेर्ने हाम्रो दृष्टिकोणमा हुन्छ ।

सौन्दर्यको कुनै एउटै विश्वव्यापी मापदण्ड हुँदैन । हिमालको सौन्दर्य समुद्रको सौन्दर्यजस्तो हुँदैन, फूलको सौन्दर्य रूखको सौन्दर्यजस्तो हुँदैन र नदीको सौन्दर्य तालको जस्तो हुँदैन । त्यसैले त प्रत्येक मानिसको आफ्नै विशेषता हुन्छ । विविधता नै प्रकृतिको सौन्दर्य हो । यदि संसारमा एउटै रङ, एउटै आकार, एउटै आवाज र एउटै प्रकारका मानिस मात्र हुन्थे भने सृष्टि कति नीरस हुन्थ्यो होला !

तर आधुनिक समाजमा हामीले सौन्दर्यलाई पनि बजार र स्वार्थसँग जोड्न थालेका छौँ । प्राकृतिक वस्तुमा पनि मूल्यको हिसाब खोज्छौँ । कुनै स्थान सुन्दर छ भने त्यसलाई पर्यटनको व्यापारसँग जोड्छौँ । कुनै वनमा मूल्यवान् स्रोत छ भने त्यसलाई आर्थिक लाभसँग जोड्छौँ । कुनै नदीबाट विद्युत् उत्पादन हुन सक्छ भने त्यसको प्राकृतिक अस्तित्वभन्दा आर्थिक सम्भावनालाई प्राथमिकता दिन्छौँ । प्रकृतिको मूल्य केवल त्यसबाट कति पैसा कमाउन सकिन्छ भन्ने आधारमा मापन गर्न थाल्यौँ भने हामीले प्रकृतिको वास्तविक मूल्य बुझ्न सक्दैनौँ ।

प्रकृति केवल स्रोत होइन, अस्तित्वको आधार पनि हो । नदी केवल पानी होइन; वन केवल काठ होइन; हिमाल केवल पर्यटनको दृश्य होइन; जमिन केवल सम्पत्ति होइन । यी सबैको आफ्नै पारिस्थितिक, सामाजिक, सांस्कृतिक र जीवनदायी मूल्य छ । हामीले आफ्नो स्वार्थ पूरा गर्न प्रकृतिको कुनै अंशलाई आफूअनुकूल प्रयोग गर्न पाएनौँ भन्दैमा त्यो प्रकृति खराब हुँदैन ।

कहिलेकाहीँ हाम्रो अपेक्षा र वास्तविकताबीचको दूरीले पनि हामीलाई सृष्टिप्रति असन्तुष्ट बनाउँछ । हामी जीवनमा सबै कुरा आफूले चाहेअनुसार होस् भन्ने चाहन्छौँ । मौसम आफूअनुकूल होस्, मानिस आफूअनुकूल व्यवहार गरून्, प्रकृति आफूले चाहेको रूपमा उपलब्ध होस् र परिस्थितिले सधैँ हाम्रो पक्षमा काम गरोस् भन्ने अपेक्षा राख्छौँ । तर जीवन र प्रकृतिको आफ्नै गति हुन्छ । हाम्रो इच्छाले मात्र संसार चल्दैन ।

त्यसैले परिवर्तन गर्नुपर्ने पहिलो कुरा सृष्टि होइन, दृष्टि हो । यदि हामीले प्रकृतिलाई उपभोगको वस्तु होइन, सहयात्रीका रूपमा हेर्न थाल्यौँ भने हाम्रो व्यवहार बदलिन्छ । यदि मानिसलाई उसको बाहिरी रूप,

*बाँकी अन्तिम पृष्ठमा*

हार्दिक मंगलमय शुभकामना

२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

हार्दिक मंगलमय शुभकामना

२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

# विपद् आइपर्दा पूर्वतयारीको कार्यान्वयन : रेडक्रस प्रतिकार्यकर्मीको दृष्टिकोण

**विनिता पौडेल**
काठमाडौँ, २७ असोज (रासस)।

रसुवाको भोटेकोशी नदीमा गत भदौ १० गतेको बिहान आकस्मिक बाढी गयो। अकल्पनीय विनाशकारी बाढीमा व्यक्तिगत घरहरू बगे अनि क्षतिसमेत भए। जलविद्युत् आयोजना, सडक, विद्यालय, स्वास्थ्य संस्थाजस्ता पूर्वाधारहरूमा क्षति भयो। बाढीको शक्तिशाली भेलले बगाएका आफ्ना प्रियजनका खोजीमा परिवारजन, आफन्तजन भौतारिनुपर्ने, तड्पिनुपर्ने र चिन्तित हुनुपर्ने अवस्था आयो।

नेपाल रेडक्रस सोसाइटीद्वारा परिचालित प्रारम्भिक प्रतिकार्यकर्ताहरूमध्ये राष्ट्रिय प्रतिकार्य टोली 'एनआरटी'का सदस्यद्वय नवीनराज तिवारी र प्रकाश कार्की पनि हुनुहुन्थ्यो। उहाँहरू दुवैका लागि यस विपद्ले प्रभावकारी आपत्कालीन प्रतिकार्यका लागि साहस र प्रतिबद्धता मात्र पर्याप्त नहुने, बरु पूर्वतयारी, समन्वय र समुदायलाई सबैभन्दा बढी सहयोगको आवश्यकता परेका समयमा छिटो र प्रभावकारी रूपमा परिचालित हुन सक्ने क्षमता पनि उत्तिकै महत्त्वपूर्ण हुने कुरालाई पुनः स्मरण गरायो। उहाँहरू दुवैले एनआरटी तालिममा आफ्नो लामो समयदेखिको कार्यगत अनुभव र व्यावहारिक ज्ञान प्रस्तुत गर्नुभएको थियो। सन् २००१ मा नेपाल रेडक्रस सोसाइटीमा आबद्ध भई हाल चितवन जिल्ला शाखामा कार्यरत नवीनका लागि आपत्कालीन अवस्थामा कार्य गर्नु नौलो होइन। अर्कातिर, जुनियर रेडक्रसबाट आफ्नो रेडक्रसको मानवीय स्वयंसेवा यात्रा सुरुआत गर्नुभएका प्रकाश सन् २००९ देखि नेपाल रेडक्रसको कर्मचारीका रूपमा कार्यरत छन्। उहाँले विकास कार्यक्रमका साथै आपत्कालीन प्रतिकार्यका कार्यहरूमा सहयोग पुऱ्याउँदै आउनुभएको छ। तै पनि, दुवै तालिमप्राप्त उद्धारकर्मीका अनुसार सन् २०२६ को जुनमा नेपाल रेडक्रसद्वारा आयोजित 'एनआरटी' तालिमले केही फरक अनुभव प्रदान गऱ्यो। अर्थात्, आपत्कालीन प्रतिकार्यका लागि अझ व्यवस्थित र समन्वयात्मक दृष्टिकोण प्रदान गऱ्यो। नवीन स्मरण गर्नुहुन्छ, "मसँग पहिले नै व्यावहारिक स्थलगत अनुभव थियो। एनआरटी तालिमले मलाई अझ व्यवस्थित तरिका अपनाएर उक्त अनुभवलाई थप सुदृढ र व्यवस्थित बनाउन सहयोग पुऱ्यायो।"

उहाँका लागि सबैभन्दा महत्वपूर्ण सिकाइहरूमध्ये क्षति तथा आपत्कालीन आवश्यकताको लेखाजोखा कसरी गर्ने र राहत वितरणको योजना अझ प्रभावकारी रूपमा कसरी बनाउने भन्ने सिकाइ थियो। "विपद्का समयमा मानिसहरूका विभिन्न आवश्यकताहरू हुन्छन् र ती सबैलाई तत्काल पूरा गर्न प्रायः सम्भव हुँदैन," उहाँ भन्नुहुन्छ, "यस तालिमले मलाई प्रभावित परिवारहरूका सबैभन्दा अत्यावश्यक आवश्यकताहरू पहिचान गर्न तथा अझ लक्षित र प्रभावकारी ढङ्गले सहयोगको योजना बनाउन सहयोग गऱ्यो।"

ती ज्ञान र सीपहरूको परीक्षण लगभग तुरुन्तै भयो। रसुवा, नुवाकोट र धादिङसहित आसपासका जिल्लाहरूमा आएको भीषण बाढीपछि, प्रभावित समुदायहरूसम्म पुग्न उद्धार तथा राहतकर्मीहरूले ठूलो चुनौतीको सामना गर्नुपऱ्यो। बाढीले आवतजावतका मुख्य मार्गहरूमा आवतजावत गर्न अवरोध एवं क्षति भएका कारण ती जिल्लाहरूमा यातायात सम्पर्क विच्छेद भएको थियो। राहत सामग्रीको ओसारपसारमा अवरोध सिर्जना भएको थियो। विद्युत् र सञ्चार सेवाहरू पनि नराम्ररी प्रभावित भएका थिए। जसका कारण धेरै परिवारहरू आफ्ना प्रियजनहरूसँग सम्पर्क गर्न वा सूचनाप्राप्त गर्न असमर्थ भए। साथै, त्यही समयमा, विपद्का कारण बेपत्ता भएका आफ्ना आफन्तहरू एवं प्रियजनका खोजीमा मानिसहरू व्याकुल भएर भौतारिरहेका थिए। प्रतिकार्यका क्रममा प्रकाशले द्रुत लेखाजोखाहरूमा सहयोग गर्नुभयो। बाढी प्रभावितको खोज, उद्धार तथा राहत वितरण व्यवस्थापनमा समन्वय गर्नुभयो। स्वयंसेवक परिचालनमा सहयोग एवं समन्वय पुऱ्याउनुभयो र नगद सहयोग प्रदान गर्न सकिन्छ कि भनेर यकिन गर्न बजारको द्रुत मूल्याङ्कन समेत गर्नुभयो। "यसअघि पनि मैले विभिन्न विपद्को प्रतिकार्यमा सम्लग्न थिएँ। सामना गरेको थिएँ, तर भोटेकोशी बाढीको अवस्था भने अत्यन्तै फरक थियो।" प्रकाश भन्नुहुन्छ "त्यहाँको विनाश र सर्वस्व गुमाएका धेरै बालबालिकालाई देख्दा म निशब्द भएँ।" ती कठिन परिस्थितिहरूमा, एनआरटी तालिमबाट प्राप्त मूल्याङ्कनसम्बन्धी सीपहरूले अति आवश्यक दिशा प्रदान गर्न सहयोग गरे। उहाँ भन्नुहुन्छ "विपद्ले पुऱ्याएको ठूलो क्षति देखेर आत्तिनुको सट्टा, आवश्यकताको मूल्याङ्कन गर्ने विधिले मानिसहरूलाई तत्काल के-कस्ता सहयोग चाहिएको छ भन्ने बुझ्न र सबैभन्दा जोखिममा रहेका परिवारलाई पहिले प्राथमिकता दिन मलाई सहज बनायो। चितवन जिल्लामा नदीको तल्लो तटीय क्षेत्रमा, नवीन प्रतिकार्यको अर्को एक महत्वपूर्ण पक्षमा सहयोग गरिरहेका थिए।"

उहाँले केन्द्रीय कार्यालय, स्थानीय निकाय, सुरक्षा निकाय, जिल्ला शाखाहरू र स्वयंसेवकहरूसँग नजिक रहेर काम गर्नुभयो। उहाँ भन्नुहुन्छ "समन्वयात्मक निर्णय प्रक्रियामा सहयोग पुऱ्याएँ। सही सूचना सङ्कलन, विश्लेषण र आदान-प्रदान सुनिश्चित गर्न मद्दत गरेँ।" प्रकाशलाई तालिम अत्यन्तै उपयोगी साबित भयो। "किनभने परिस्थिति तीव्र गतिमा परिवर्तन भइरहेको थियो र प्रभावकारी समन्वय सही जानकारी तथा स्पष्ट सञ्चारमा निर्भर थियो" उहाँ भन्नुहुन्छ, "तैपनि, आपतकालीन प्रतिकार्यका प्राविधिक पक्षहरूका बीचमा पनि, त्यस सङ्कटसँग

*बाँकी अन्तिम पृष्ठमा*




## हार्दिक मंगलमय शुभकामना

२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**भुपेन्द्र प्रसाद यादव**
**अध्यक्ष, तथा**
**समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.**
**संचालक समिति परिवार**
**राजविराज ८, सप्तरी**



## हार्दिक मंगलमय शुभकामना

२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**
**अध्यक्ष**
**तथा**
**जन ज्योति कृषि सहकारी संस्था लिमिटेड**
**संचालक समिति परिवार**
**राजविराज ९, मलेठ, सप्तरी**


## विश्व समाचार

### भारतमा विरोध प्रदर्शनका क्रममा विपक्षी नेताहरू हिरासतमा

नयाँदिल्ली, २७ असोज (रासस/एएफपी)।

भारतमा मतदाता सूचीमा हेरफेर भएको आरोप लगाउँदै निर्वाचन आयोग प्रमुखको राजीनामा मागेर प्रदर्शन चर्किरहेका बेला युवा नेतृत्वको कक्रोच जनता पार्टी (सिजेपी) का प्रमुख नेताहरूलाई प्रहरीले हिरासतमा लिएको छ। पार्टीका नेताहरूले मङ्गलबार नयाँदिल्लीस्थित जन्तर मन्तरमा लगाइएको सुरक्षा घेरा तोडेर प्रवेश गरेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको बताएका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ भारतीय जनता पार्टीलाई फाइदा पुग्ने गरी मतदाता सूचीमा हेरफेर गरिएको विपक्षीहरूको आरोप छ। उनीहरूले निर्वाचन आयोग प्रमुखको राजीनामा माग्दै पछिल्ला दिनमा सुरक्षा प्रतिबन्ध उल्लङ्घन गरेर प्रदर्शन गरिरहेका छन्। यद्यपि, निर्वाचन आयोगले अनियमितता भएको आरोप अस्वीकार गरेको छ।

दिल्ली प्रहरीले सोमबार जन्तर मन्तरलाई आधिकारिक प्रदर्शनस्थलको सूचीबाट हटाइएको जनाएको थियो। राजधानीको केन्द्रमा रहेको उक्त स्थललाई पहेँलो धातुका बारले घेरेर केही दिनदेखि बन्द गरिएको थियो र त्यहाँ ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको थियो।

तर, मङ्गलबार सिजेपी नेता अभिजीत दिप्केले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियोमा प्रदर्शनकारीहरू सुरक्षा बार पार गर्दै जन्तर मन्तरभित्र प्रवेश गरी राष्ट्रिय झण्डा फहराएको देखिन्छ। प्रहरीले उनीहरूलाई पछ्याउँदै नियन्त्रणमा लिएको थियो।

सिजेपीले सामाजिक सञ्जालमा आफ्ना नेता सौरभ दास, आशुतोष रङ्का र अजिङ्क्य सिन्देसहितका नेताहरूलाई प्रहरीले हिरासतमा लिएको जनाएको छ। दिप्केले प्रधानमन्त्री मोदीलाई सम्बोधन गर्दै प्रतिरोधलाई रोक्न नसकिने बताउनुभएको छ।

दिल्ली प्रहरीले जन्तर मन्तरको विकल्पका रूपमा सोमबार तीनवटा आधिकारिक प्रदर्शनस्थल तोकेको थियो। दशकौँदेखि प्रदर्शन हुँदै आएको जन्तर मन्तरमा सिजेपीले पनि यसअघि आन्दोलन गरेको थियो। उक्त पार्टीको प्रदर्शनपछि परीक्षामा अनियमितता भएको विवादका कारण गत जुलाईमा शिक्षामन्त्रीले पद छाड्नुभएको थियो।

यसैबीच, प्रधानमन्त्री मोदीले मङ्गलबार नयाँदिल्लीमा आयोजित व्यापार सम्मेलनमा भारतलाई 'लोकतन्त्रकी जननी' बताउनुभएको छ। उहाँले देशमा विभिन्न विषयमा खुला बहस हुने र फरक दृष्टिकोणमाथि छलफल गरिने उल्लेख गर्नुभयो। तर, उहाँले जारी विरोध प्रदर्शनबारे प्रत्यक्ष टिप्पणी गर्नुभएन।

### प्रहरी धरपकडपछि भारतीय युवाको रणनीति फेरियो

नयाँदिल्ली, २७ असोज (रासस/एएफपी)।

भारतको राजधानी नयाँदिल्लीमा चुनावी प्रदर्शनका क्रममा प्रहरीले धरपकड बढाएपछि युवा प्रदर्शनकारीहरूले निगरानीबाट बच्दै आन्दोलन जारी राख्न नयाँ रणनीति अपनाएका छन्। उनीहरूले मुखुन्डो लगाउने, प्रहरीका सवारीसाधनको गतिविधि पत्ता लगाउने र पक्राउ परेकालाई सहयोग गर्न डिजिटल सञ्जाल परिचालन गर्ने गरेका छन्।

जन्तर मन्तरस्थित मुख्य प्रदर्शनस्थलमा अवरोध गर्न दशौँ हजार सुरक्षाकर्मी परिचालन गरिएपछि प्रदर्शनकारीहरू अन्य स्थानमा भेला हुन थालेका छन्। सप्ताहन्तमा हजारौँलाई पक्राउ गरिए पनि उनीहरूले प्रदर्शन जारी राखेका छन्। पक्राउ परेकामध्ये धेरैलाई पछि रिहा गरिएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको सत्तारूढ दललाई फाइदा पुग्ने गरी मतदाता सूचीमा हेरफेर गरिएको आरोप लगाउँदै प्रदर्शनकारीहरूले निर्वाचन आयोगका प्रमुखको राजीनामा मागेका छन्। आयोगले भने उक्त आरोप अस्वीकार गरेको छ।

छत्तिस वर्षीय सामग्री निर्माता मेघनाद एसले पक्राउ परेकालाई सहयोग गर्न करिब १७० स्वयंसेवकको सञ्जाल बनाउनुभएको छ। उहाँहरूको समूहले प्रहरीका सवारीसाधनको गतिविधि निगरानी गरी पक्राउ परेकाहरूलाई कहाँ लगिएको छ भन्ने जानकारी सङ्कलन गर्छ। त्यसपछि ह्वाट्सएप समूह र डिजिटल माध्यमबाट स्वयंसेवक चालक परिचालन गरी खाना, पानी, इन्धन तथा आवश्यक परे चिकित्सकीय सहायता उपलब्ध गराइन्छ।

विद्यार्थी नेतृ नेहा बोहराजस्तै देखिने एक महिलालाई प्रहरीले पक्राउ गरेपछि उहाँ चर्चामा आउनुभएको छ। २९ वर्षीया बोहरा भने प्रहरीको घेराबाट उम्केर मध्य दिल्ली पुग्न सफल हुनुभएको थियो। पछि उहाँले आफ्नो जस्तै देखिने महिलासँगको तस्बिर सार्वजनिक गर्दै उक्त समानता संयोग मात्र भएको, रणनीति नभएको भन्दै व्यङ्ग्य गर्नुभएको थियो।

केही प्रदर्शनकारी प्रहरीको नियन्त्रणमा परेपछि बसको चालक बस्ने ठाउँ वा पछाडिको झ्यालबाट उम्कने प्रयास गरेका थिए। पहिचान लुकाउन कतिपयले ब्याटम्यानका मुखुन्डोसमेत लगाएका छन्। बलिउड अभिनेत्री रिचा चढ्ढाले पनि प्रदर्शनकारीको सहमतिबिना तस्बिर खिचिने गरेको उल्लेख गर्दै अनुहार पहिचान गर्ने क्यामेराबाट बच्न मेकअप प्रयोग गर्न सुझाव दिनुभएको थियो।

प्रहरीको कडा निगरानी र धरपकडबीच भारतीय युवा प्रदर्शनकारीहरूले सामाजिक सञ्जाल तथा डिजिटल प्रविधिको सहायताले आन्दोलनलाई निरन्तरता दिने प्रयास गरिरहेका छन्।

## हुंकार मधेशका ...

दिएका छन् ।

हुंकार मधेशले विभागिय प्रमुखका लागि कम्तीमा स्नातक तह उतीर्ण र विषयविज्ञ हुनुपर्ने प्रावधान राखेको थियो । सोही अनुरूप सबै योग्य व्यक्तिहरूलाई जिम्मेवारी दिइएको प्रवक्ता झाले बताए ।

यसरी जिम्मेवारी तोकिएकाहरुमा संवाद तथा समन्वय विभाग रामकुमार कश्यप, प्रचारप्रसार तथा प्रकाशन विभाग केशव कुमार झा, संगठन विभाग कौशलेन्द्र कौशल, कानुन तथा न्याय विभाग रत्नेश्वर सनातनी, आईटी तथा कार्यमूल्यांकन विभाग रोशन कुमार, बौद्धिक तथा पेसाकर्मी विभाग डा. एनएन. भारद्वाज, आर्थिक विभाग सचिदानन्द यादव, अनुशासन विभाग राजाराम यादव, प्रशिक्षण तथा नीति अनुसन्धान विभाग मनोहर मानव, सहकारी, कर्पोरेट तथा उद्यमशीलता विभाग कृष्ण कुमार, स्वंयसेवी सुरक्षा दस्ता विभाग उमेश सिंह, युवा तथा विद्यार्थी विभाग पंकज आनन्द, वैदेशिक रोजगार विभाग मनिष कुमार, सूचना तथा सञ्चार विभाग पुष्पा प्रिया, संघीय मामिला विभाग मधुमाया यादव, शिक्षा तथा संस्कृति विभाग इन्द्रजित साफी, उद्योग, व्यापार, वाणिज्य तथा व्यवसाय विभाग सन्दीप त्रिपाठी, नागरिकता तथा भूमिहिन समस्या समाधान विभाग अंगद यादव, कृषि विकास तथा अनुसन्धान विभाग रामकिशुन नायक, विज्ञान तथा प्रविधि विभाग प्रो. विजय महासेठ र शहीद तथा घाइते व्यवस्थापन विभाग मो. युसुफ साफी छन् ।

उनीहरूलाई सातदिन भित्र कार्ययोजना, कार्यविधि र सयदिने कार्यक्रमको कार्यसूचीको खाका बनाएर पेश गर्न भनिएको छ । हुंकार मधेशले दशैंलगतै झापादेखि कञ्चनपुरसम्म सयदिने हुलाकी यात्रा सुरु गर्ने कार्यक्रम यसअघि नै तय गरेको थियो ।




## सृष्टिमा होइन, ...

सम्पत्ति वा सामाजिक हैसियतबाट होइन, उसको मानवीय मूल्यबाट हेर्न थाल्यौं भने समाज बदलिन्छ । अनि फरकपनलाई कमजोरी होइन, विविधताको रूपमा बुझ्न थाल्यौं भने सम्बन्धहरू अझ सुन्दर हुन्छन् ।

दृष्टिकोण परिवर्तन भएपछि त्यही संसार फरक देखिन्छ । वर्षामा कसैले हिलो र असुविधा देख्न सक्छ, अर्कोले जीवन दिने पानी देख्न सक्छ । शरदको सुक्खा पातमा कसैले अन्त्य देख्न सक्छ, अर्कोले नयाँ जीवनका लागि प्रकृतिको तयारी देख्न सक्छ । पहाडको कठिन बाटोमा कसैले समस्या देख्न सक्छ, अर्कोले सम्भावना र साहस देख्न सक्छ । त्यसैले संसार सधैं हामीले हेरेजस्तो मात्र हुँदैन; हामीले जसरी हेर्छौं, संसारको अर्थ पनि त्यसैअनुसार निर्माण हुन्छ ।

हाम्रो सभ्यताको भविष्य पनि यही दृष्टिकोणमा निर्भर छ । प्रकृतिमाथि प्रभुत्व जमाउने अहंकारले हामीलाई दीर्घकालीन सङ्कटतर्फ लैजान सक्छ । प्रकृतिसँग सहअस्तित्वको दृष्टिले भने दिगो विकासको बाटो खोल्न सक्छ । विकासको अर्थ प्रकृतिलाई नष्ट गरेर संरचना थप्नु मात्र होइन, प्रकृतिको अस्तित्व जोगाउँदै मानव आवश्यकताबीच सन्तुलन कायम गर्नु पनि हो ।

अन्ततः सृष्टिले हामीलाई विविधता दिएको छ, हामीले त्यसमा अर्थ खोज्ने दृष्टि पाएका छौं । त्यसैले सृष्टिको हरेक सिर्जनामा दोष खोज्नुभन्दा पहिले आफ्नो दृष्टिकोणलाई हेर्न आवश्यक छ । हामीले आफ्नो स्वार्थअनुकूल प्रकृतिलाई प्रयोग गर्न खोज्यौं, प्रकृतिले हाम्रो इच्छा पूरा गरेन भने त्यसलाई दोष दियौं भने दोष प्रकृतिको होइन, हाम्रो सोचको हुन सक्छ ।

प्रकृतिले आफ्नो काम गरिरहेकै हुन्छ । फूल फुलेकै छ, नदी बगेकै छ, हिमाल आफैं उभिएकै छ, वन हुर्किएकै छ, ऋतुहरू फेरिइने रहेका छन् । त्यसैले त चराचर जगतको जीवन निरन्तर अगाडि बढेको छ । प्रश्न यति मात्र हो– हामी यो सब जीवन र जगतलाई कसरी हेर्छौं ।

## लागुपदार्थ गाँजा ...

सशस्त्र प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी सुरज क्षेत्रीका अनुसार सुरक्षा टोलीले नेपालबाट भारततर्फ गइरहेका बारा जिल्ला बारागढी गाउँपालिका ३ का जमिल अख्तर मियाँले झोलामा लुकाइछिपाइ लैजान लागेको ४ केजी ८५ ग्राम गाँजासहित नियन्त्रणमा लिएको थियो ।

त्यस्तै भारतबाट नेपालतर्फ पैदलयात्रमा रहेको बारा विश्वामपुर गाउँपालिका ५ शेख सहजातको शरीर खानतलासी गर्दा कालो प्लास्टिकमा रहेको लागुऔषध ब्राउन सुगरजस्तो देखिने पदार्थ चार ग्राम ८४० मिलीग्रामसहित बरामद भएको थियो ।

## विपद् आइपर्दा ...

जोडिएका व्यक्तिगत कथाहरूलाई बेवास्ता गर्न असम्भव थियो ।" नवीनका सबैभन्दा चुनौतीपूर्ण जिम्मेवारीहरूमध्ये एउटा नदी किनारमा फेला परेका मानव अवशेषहरूको व्यवस्थापन गर्ने कार्य थियो । "बाढीले माथिल्लो भागका जिल्लाहरूबाट शवहरू बगाएर ल्याएको थियो र धेरैजसो शवहरू केही दिनपछि फेला परेका थिए," उहाँ भन्नुहुन्छ । "केही गम्भीर रूपमा कुहिएका थिए, जसले गर्दा पहिचान गर्न अत्यन्तै चुनौतीपूर्ण बनेको थियो । एउटा सम्झना विशेष रूपमा जीवन्त छ । जब मैले शव राखिने केन्द्रको भ्रमण गरेको थिएँ, मलाई सधैं याद रहने एउटा क्षण सम्झनामा रहन गयो ।"

बाढीपछि फेला परेका सामानहरूमध्ये एउटा बच्चाको विद्यालयको टाई पनि थियो । उहाँ भन्नुहुन्छ, "त्यो टाई एउटा महत्त्वपूर्ण सूचना बन्यो, जसले बच्चाको पहिचान गर्न र शोकाकुल परिवारलाई जवाफ दिन मद्दत गर्‍यो । विद्यालयको एउटा सामान्य टाई कसरी परिवार र उनीहरूका प्रियजनबीचको एकमात्र सम्पर्क सूत्र बन्यो भन्ने कुरा निकै मर्माहत बनाउने खालको थियो ।" प्रकाशलाई उद्धार तथा राहत कार्यका क्रममा भेटेका मानिसहरू पनि याद छन् । "धेरै परिवारले आफ्ना कम उमेरका सदस्यहरू गुमाएका थिए", उहाँ भन्नुहुन्छ, "उनीहरू सबैमाझ एउटा साझा कुरा के थियो भने, उनीहरू आफ्ना प्रियजनहरूको सम्झनामा थिए । भौतिक सम्पत्ति महत्त्वपूर्ण थिएन ।" यस चुनौतीपूर्ण समयमा, धेरै मानिसहरूले आफ्नै व्यक्तिगत क्षति बेहोर्नुपरेको भए तापनि प्रभावित समुदायहरूलाई सहयोग गर्न अग्रसरता देखाए । दुवै उद्धारकर्ताका लागि, यी अनुभवहरूले मानवीय कार्यसम्बन्धी एउटा साझा पाठलाई अझ बलियो बनाए । स्वयंसेवक तथा समुदायका सदस्यहरूसँग मिलेर काम गर्ने क्रममा उहाँहरूले असीम पीडाका साथै उल्लेखनीय सहनशीलता र ऐक्यबद्धता पनि देखे । स्वयंसेवक नवीन भन्नुहुन्छ, "हरेक तथ्याङ्कको पछाडि एक व्यक्ति, एउटा परिवार र सधैँका लागि बदलिएको जीवन हुन्छ ।"

नेपालभरि जलवायु तथा विपद्जन्य जोखिमहरू बढ्दै जाँदा, हालैका बाढी प्रतिकार्यका अनुभवबाट सिकिएका पाठहरू पहिलेभन्दा अझ बढी सान्दर्भिक भएका छन् । नवीन र प्रकाशजस्ता विपद् प्रतिकार्यमा खटिनेहरूका लागि, पूर्वतयारी भनेको विपद् आइपर्दा काम गर्न तयार रहनु मात्र होइन; यसको अर्थ अत्यन्त कठिन क्षणको सामना गरिरहेका मानिसहरूले आफूलाई सबैभन्दा बढी आवश्यकता पर्दा समयमै सहयोग, सम्मान र आशा प्राप्त गर्ने सुनिश्चित गर्नु पनि हो ।

पूर्वतयारीले सायदै कहिल्यै मुख्य समाचारमा स्थान पाउँछ, तर यसको प्रभाव मानिसहरूसम्म छिटो पुग्ने हरेक प्रतिकार्यमा, सबैभन्दा बढी आवश्यकता परेको बेला सहयोग पाउने हरेक परिवारमा र आगामी सङ्कटको सामना गर्न अझ राम्ररी तयार भएको हरेक समुदायमा महसुस गरिन्छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
फोन नः ०३१-२००४५
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय, राजविराज**
सप्तरी

पत्र संख्या :
चलानी नम्बर २३६८
प्राप्त पत्र संख्या र मिति :
मिति : २०८३।६।१९

विषय : ३५ दिने सार्वजनिक सुचना ।

जिल्ला सप्तरी गा.वि.स./न.पा मलहनिया-१ हाल परिवर्तित कल्याणपुर गा.पा./न.पा. वडा नं. ७ बस्ने ...... नाउँमा नम्बरी दर्ता रहेको तपसिल बमोजिम जग्गा नामसारी श्रेस्ता कायम ...... पाउँ भनी निवेदन दिएको हुनाले सर्वसाधारणको जानकारीको लागि यो ३५ दिने सुचना प्रकाशित गर्ने काम भएको छ, लेखिएको जग्गाहरु कसैको हकभोगको वा निवेदक बाहेकको अंश आपुतिली परेको ऐलानी वा सार्वजनिक, टार, बंगर, गौचर, समसानघाट प्रति ईत्यादी भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र आफुसँग रहेको सबुद प्रमाण साथ लिई उजुर गर्न आउनु होला, तोकिएको म्याद भित्र उजुर गर्न नआएमा निवेदकका माँग बमोजिम भै जाने छ । पछि तपाईको उजुर लाग्ने छैन ।

### तपसिल

| न.पा./गा.वि.स.को नाम | वडा नं. | कि.नं. | क्षेत्रफल | साविक जग्गा धनी | कैफियत |
|---|---|---|---|---|---|
| [illegible] | ६७ | १४५ | ०-३-२ | [illegible] | [illegible] |
| ” | ” | १६१/२०४ | ०-०-१९ | ” ” | |
| ” | ” | १६१/२०६ | ०-०-१३ | ” ” | |

राजबिराज शहर समृद्ध- हरित नगर
**राजविराज नगरपालिका**
**२ नं.वडा कार्यालय**
**राजविराज सप्तरी**
**मधेश प्रदेश, नेपाल**

पत्र संख्याः२०८२।८३
चलानी नः९८६
मितिः २०८३।०६।२७

विषय :- सूचना सूचना सूचना

२ नं. वडा कार्यालय रा.वि.न.पा वाट जारी भएको सूचना

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी साबिक राजविराज वडा नं.९ हाल परिवर्तित रा.वि.न.पा.वडा नं.२ मा वस्ने स्व.झरी साहको नाती स्व.बुधन साह हलुवाईको छोराहरु बैधनाथ प्रसाद साह,जगर नाथ साह यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो बुवा स्व. बुधन साह हलुवाई आफ्नो कालगतीले मिति २०६८।०४।२५ गते मृत्यु भएको र निज को एक मात्र पत्नी राम प्यारी कुमारी हलुवाई आफनो काल गतीले मिती २०८२।०४।०३ गते मृत्यु भएको । बुवा आमा मृत्यु पछि निजको दुई भाई छोराहरु मात्र हक अपूताली खाने भएको ले मृतक आमा राम प्यारी कुमारी हलुवाईको नाउंमा कायम रहेको जग्गा हामी संयूक्त निवेदन कर्ता को नाउंमा नामसारी हुने गरी सिफारीस गरी पाउं भनि निवेदन मिति २०८३।०६।१९ गतेमा प्राप्त भएको हुदा सो सम्वन्धमा तपसिल उल्लेख भएको जग्गाहरुमा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नका लागी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सवुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानून वमोजिम भै जाने व्यहोरा जानकारी को लागी अनुरोध छ ।

तपसिल

जि.स.रा.वि.न.पा वाड नं. ९ हाल परिवर्तित वार्ड नं. २ वस्ने राम प्यारी कुमारी हलुवाईको नाउमा कायम रहेको जग्गा ।

| जिल्ला | गा.विस. । न.पा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल,रोपनी |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरिया | १क | १४१९ | ०-३-१०-७५. |

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*